"सेवा सहितको शुसासन, सुशासन हितको विकास"
"शिक्षा, स्वास्थ्य ,रोजगार र सामाजिक सुरक्षा सुखी र समृद्ध मालिकार्जुनको आधार"

## मालिकार्जुन गाउँपालिका अध्यक्ष श्री हिरा सिंह धामीले
## बाह्रौँ गाउँ सभामा प्रस्तुत गर्नुभएको

# मालिकार्जुन गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक नीति तथा कार्यक्रम
# २०८१

**मितिः २०८१ असार ०६ गते**

**मालिकार्जुन गाउँपालिकाको गाउँसभामा उपस्थित मालिकार्जुन गाउँपालिका उपाध्यक्ष ज्यू, गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, शाखा प्रमुख, कर्मचारीहरु, संचारकर्मी मित्रहरु¸ विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधि, शिक्षक वुद्धिजिवी एवं उपस्थित सम्पूर्ण आमावुवा, दाजुभाई, दिदीबहिनीहरु,**

मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको अध्यक्षको हैसियतले गाउँसभाको यस गरिमामय सभालाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु, मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि विभन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न परिवर्तनकारी आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन वलिदान गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । वेपत्ता तथा घाइते नागरिकको सु-स्वास्थ्यको कामना व्यक्त गर्दै सम्पूर्ण देशभक्त नागरिकहरुले राष्ट्र निर्माणमा पुर्‍याएको योगदानलाई उच्च सम्मान र मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको कठिन परिस्थितिमा पनि अथक योगदान दिने सम्पुर्ण आदरणीय अग्रज राजनीतिज्ञहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान, २०७२ को भाग १९ धारा २३० मा स्थानीय तहको राजस्व तथा व्ययको अनुमानको व्यवस्था अनुसार मालिकार्जुन गाउँपालिकाको चालु वर्षको नीतिगत प्राथमिकता र वार्षिक बजेट तथा कार्यक्रमद्वारा निर्दिष्ट लक्ष्यहरु समयमै पूरा हुने कुरामा विश्वास लिएको छु । यसै गरी मालिकार्जुन गाउँपालिका साथै मुलुकको बृहत्तर हितमा समर्पित रहँदै सामाजिक न्यायसहित समृद्ध र समतामूलक समाज निर्माणको सङ्कल्प पूरा गर्न सहयोग मिलोस भन्ने अपेक्षासहित आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको कुशल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतिक दल, नागरिक समाज, समाजसेवी, वुद्धिजिवि, संघसंस्था, कर्मचारी, शिक्षक, कृषक, पत्रकार लगायत सम्पूर्ण मालिकार्जुन बासी आमा–बुवा, दाजु–भाई, दिदी बहिनीहरुलाई आ-आफ्नो स्थानवाट सक्दो योगदान पुर्‍याउनका लागि हार्दिक अनुरोध गर्दछु ।

स्थानीय स्रोत साधनको महत्वलाई आधार मान्दै भरपुर प्रयोग गरी जनताको अर्थपूर्ण सहभागिता सहित जनचाहना अनुरुपको दिगो विकास, सुशासन र समृद्धिको जन आकांक्षा पूरा गर्नको लागि यो नीति कार्यक्रमको अहम भुमिका रहनेछ । जनताको वर्षौं देखिको समृद्ध मालिकार्जुन गाउँपालिका बनाउने चाहनालाई पूरा गर्न आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस गाउँसभामा प्रस्तुत गर्न पाउँदा गर्वको अनुभुति भएको छ ।

संघीय र प्रदेश सरकारवाट गाउँपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, सम्पुरक, विशेष तथा अन्य अनुदान र राजश्वबाट प्राप्त हुने रकमका साथै गाउँपालिकाको आन्तरिक आय तथा विभिन्न स्रोतवाट गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम अन्तरसरकारी अख्तियारी मार्फत प्राप्त हुने रकमलाई न्यायोचित एवम सामानुपातिक वितरण प्रणालीवाट योजना तथा कार्यक्रमहरुमा विनियोजन गरिनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

वर्तमान स्थानीय सरकार गठनसँगै गाउँपालिका अध्यक्षको हैसियतले गाउँसभामा सुशासन, समृद्धि र सामाजिक न्याय कायम गर्न शासकीय सुधार, अनुशासित योजना तथा विकास प्रणालीलाई संस्थागत गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गरिएको सबैलाई विदितै छ । गाउँपालिकाले अघि सारेको नीतिगत, कार्यक्रमगत तथा अन्य सुधारात्मक कार्यको परिणाम क्रमशः देखिन थालेको छ । वर्तमान सरकारले कार्यभार सम्हालेको छोटो अवधिमा नै अवलम्बन गरेको कार्यदिशा र शैली उत्साहजनक छ र यसले समग्र गाउँपालिकालाई राष्ट्रिय विकासको मूलधारमा जोड्नेछ भन्ने मैले विश्वास लिएको छु । गाउँसभाको विश्वास सहितको वार्षिक विकास कार्यक्रम पहिचान, छनौट र प्राथमिकीकरणमा अनुशासित र जवाफदेशी प्रणाली स्थापनाको सुरुवात भएको छ । यस चालु आर्थिक वर्षको बाँकी समयमा सम्पन्न गरिसक्नुपर्ने कार्यहरु प्राथमिकताका साथ अगाडि बढेको छ । आर्थिक वर्ष २०८१/०८२ का लागि नीति तथा कार्यक्रम र वार्षिक बजेट तर्जुमा स्थानीय तह र सरोकारवाला निकायसँगको समन्वय र सहकार्यको संस्कृतिलाई निरन्तरता दिइएको छ । योजना तर्जुमा दिग्दर्शनका आधारमा योजना छनौट प्रक्रियालाई संविधान र कानुनबमोजिम मागमा आधारित, यथार्थपरक र सहभागितामूलक तुल्याउने अभ्यास प्रारम्भ गरिएको छ । यस्तो किसिमको अभ्यासबाट संघ तथा प्रदेश बिचको कार्यात्मक सम्बन्धमा सुधार भई अर्थ-सामाजिक सन्तुलन कायम हुने विश्वास मैले लिएको छु ।

आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यान्वयनको समीक्षासहित हाँसिल हुने प्रगति मालिकार्जुन गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदनमा प्रस्तुत हुने नै हुँदा वर्तमान स्थानीय सरकार गठन भएपश्चात् प्रारम्भ गरिएका केही महत्वपूर्ण पहल संक्षेपमा प्रस्तुत गर्दछु ।

**१. भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धीः**

**क. सडक यातायातः**

- गाउँपालिका जेसिवीको प्रयोग गरी धामीगाडा ज्युनाडा खुना चाडी सडक, मालिकार्जुन-न्वालपानी सम्म सडक पहुँच पुर्याइएको छ । उक्त कार्य ठेक्काबाट गर्नुपरेमा करोडौ बजेट आवश्यक पर्न अवस्था थियो तर पालिका जेसिविमा केवल ५० लाखको इन्धन खर्चबाट मितब्ययी ढंगले ट्र्याक खोल्ने कार्य सम्पन्न हुँदैछ ।
- गाउँपालिकामा रहेको एक्साभेटरको मर्मत सम्भार गरी सो एक्साभेटरमा कार्यालयकै जनशक्ति र इन्धन व्यवस्थापन गरी न्यून बजेटमा अधिकतम निर्माण कार्य गर्ने कार्यलाई निरन्तरता दिइएको छ । वाड नम्बर २ को न्वालपानी वस्ति सम्म सडक ट्याक खुला भएको छ । चालु आर्थिक वर्षमा मात्रै करिव ३ किमी नयाँ सडक कटिङ्गको कार्य र करिव ७ किमी पुरानो सडक स्तरोन्नती गर्ने कार्य सम्पन्न भएको छ ।
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माणमा शुन्य सहनशीलताको नीति अवलम्बन गरी कार्यान्वयनमा ल्याइएको छ । विभिन्न समयमा हुने अनुगमन तथा गुणस्तर सुधारमा प्रविधिको प्रयोग सुनिश्चित गरिएको छ ।
- सबै वडाहरुमा ग्रामिण सडक स्तरोन्नती, नयाँ ट्र्याक खोल्ने तथा अवरुद्ध सडक सुचारु र विस्तार गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- अध्यक्ष स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस आर्थिक वर्षमा उपभोक्ताको श्रमदान समेत हुनेगरी विभिन्न वडामा खानेपानी, वाटो, सिचाई, ढलनिकास, शौचालय निर्माण लगायतका २० भन्दा बढी योजनाहरु सम्पन्न हुदैछन ।
- गाउँपालिका क्षेत्र भित्र रहेको ग्रामिण सडकहरुको सवारी संचालन लागतमा प्रभावकारी रुपमा कमी ल्याउन, सडकको स्तर-ह्रासको गतिलाई न्यूनीकरण गरी सडकको आयु लम्ब्याउन र सुरक्षित तथा भरपर्दो यातायत सेवाको सुविधा उपलब्ध गराउनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ग्रामीण सडक मर्मत सम्भार कर्ताहरु गाउँपालिकाका विभिन्न सडकहरुको मर्मत सम्भार कार्यमा समावेश गराइ १५ जना यूवाहरुलाई न्यूनतम रोजगारी उपलब्ध गराइएको छ,
- यो अवधिमा वडा तथा पालिका स्तरीय विभिन्न ११५ योजनाहरु संचालन भएका छन ।

**ख. खानेपानीः**

- मालिकार्जुन गाउँपालिकाले चालु आर्थिक वर्षको स्वच्छ, सुरक्षित र गुणस्तरिय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ती गरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुको माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरिय खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने नीति बमोजिम गाउँकार्यपालिकाको मातहतमा वास (WASH) वोर्ड र पालिकामा रहेको वास (WASH) युनिटको पहलमा चालु आर्थिक वर्ष २३७ घरधुरी लाभान्वित हुने गरी **"एक घर एक धारा"** प्रणालीबाट खानेपानी प्रणालीको निर्माण तथा बिस्तार कार्य सम्पन्न भइरहेको छ ।
- आधारभूत खानेपानी सुबिधाको पँहुच अधिकांस जनसंख्यामा पुगाउनका लागी बिभिन्न प्रयासहरु भएका छन । बिग्रेका लिफ्टिङ्ग खानेपानी मर्मत गर्ने कार्य, खानेपानी उपभोक्ता समितिहरुलाई कार्यालयमा भएको पाइप उपलब्ध गराई प्रधानमन्त्री रोजगार कार्यक्रमको सहलगानीमा सीप सिकेका ग्रामिण मर्मत सम्भार कार्यकर्ताहरु मार्फत खानेपानी लाइन विस्तारका साथै दीर्घकालीन सीपको समेत सुनिश्चितता गरिएको छ ।
- गाउँपालिका जिन्सीमा मौज्दात रहेको खानेपानी पाइपलाई आवश्यकताका आधारमा उपभोक्ता समितिबाट श्रमदान गराइ दर्जन भन्दा बढी खानेपानी तथा सिचाई योजना सम्पन्न गरिएका छन ।

### ग. सिंचाइः

- गाउँपालिकाका विभिन्न वडामा गरी कूल १३० हेक्टर मा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ।
- जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ।
- यो अवधिमा गाउँपालिकाको जिन्सीमा भएको पाइप र उपभोक्ताको श्रमदानबाट धामलेक सिचाई लगायत विभिन्न साना ठूला सिचाइ आयोजना सम्पन्न भएका छन।

### घ. सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धीः

- विद्यालय क्षेत्रको सुधार तथा सामुदायिक शिक्षाको गुणस्तर सुधारका लागि नियमित अनुगमन तथा व्यवस्थापन तर्फ विशेष ध्यान दिइएको छ।
- कक्षा ५ र ८ को पालिका स्तरीय बार्षिक परीक्षा आयोजना गरिएको छ,
- विषयगत शिक्षाको व्यवस्थापनका लागी पालिका स्तरको शिक्षा व्यवस्थापन कोष स्थापना गरी विषयगत शिक्षकको व्यवस्थापन गर्ने कार्य अघि वढेको छ,
- विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ। युवाहरू को खेलकुदमा संलग्नता बढ्नका साथै चालु आर्थिक वर्षमा सञ्चालित जिल्ला प्रदेश र राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रर्दशन गरेका छन।
- चालु आर्थिक वर्ष सन्चालन भएको जिल्ला स्तरीय राष्ट्रपति रनिङ शील्ड प्रतियोगितामा मालिकार्जुन गाउँपालिका एथेलेटिक्स तर्फ प्रथम हुनुका साथै समग्रमा ७ स्वर्ण सहित दोस्रो स्थान हात पार्न सफल भएको छ।
- माध्यमिक विलालयहरुमा विषयगत शिक्षकको दरवन्दी अभावलाई समाधान गर्न गाउँपालिकाले राहत अनुदान कोटा सिर्जना गरी सबै विद्यालयमा आवश्यकता अनुसार विषयगत शिक्षकको पदपूर्ति गरिएको छ।
- उपाध्यक्ष बालबालिका शिक्षा सुरक्षा कार्यक्रमबाट ३८ वटा सामुदायिक विद्यालयका १२४६ विद्यार्थीले विभिन्न किसिमको शैक्षिक सामग्री पाप्त गरेकाछन।
- विद्यालय योग शिक्षा मार्फत समाजमा विद्यमान कुरीति तथा विसंगतीहरुको अन्त्य एवं मानसिक तथा शारीरिक स्वास्थ्य सुधारका साथै ध्यान केन्द्रित गर्ने उद्वेश्यका साथै पवित्र शैल्य मालिकार्जुन धामको प्रचार प्रसारका लागि वृहत प्रथम मालिकार्जुन आध्यात्मिक सम्मेलन आयोजना गरी जिल्ला भरीका सबै पालिकाका सहभागीहरुलाई ७ दिन सम्म प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।
- मालिकार्जुन गाउँपालिकामा रहेको १० शैय्याको आधारभुत अस्पताल यस आर्थिक वर्षबाट सेवा सञ्चालन हुने गरि निर्माण सम्पन्न भईसके छ,
- पालिकाले आफ्नै स्रोत बाट MBBS डाक्टर सहीतको २४ सै घण्टा आकस्मीक स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ,
- विशेषज्ञ चिकित्सक सहितको घरदैलो स्वास्थ्य शिविरसंगै नागरिक आरोग्यता परामर्श सेवा मार्फत आम नागरिकको स्वास्थ्य चेकजाँच, परामर्श तथा औषधी वितरण कार्यक्रम सम्पन्न भएको छ।
- गेटा आँखा अस्पतालको सहकार्यमा निःशुल्क आँखा जाँच क्लिनिक हरेक महिनाको अन्तिम शनिवार सन्चालन हुदै आएको छ। सो आँखा जाँच क्लिनिकबाट १५०० जनाले आँखा जाँच सेवा लिएका छन।
- ८ वटै वडामा डाक्टर सहितको घरदैलो स्वास्थ्य तथा आयुर्वेद शिविर मार्फत जम्मा २२६० जना सेवाग्राही मध्ये ५४० जनाको सुगर जाँच गर्दा २१० जना मधुमेह का बिरामी तथा ३२० जनामा उच्च रक्तचाप पत्ता लगाइ उपचार तथा परामर्श सेवा प्रदान गरीयो,
- पालिका स्तरमा कुपोषण खोज पडतालका लागी जेड स्कोर अभियान (Z–Score) संचालन गरी ७५३ जना बालिबालिका मध्ये कडा १४ जना, मध्यम ४२ जना र सामान्य ६७८ जना कुपोषित बालवालिकाहरुको पहिचान गरी विभिन्न उपचारका कार्यक्रम सञ्चालन गरिएका छन।
- हालसम्म स्वास्थ्य संस्थाहरु मार्फत १४ हजार ६ सय २२ जना लाई स्वास्थ्य सेवा प्रदान गराइएको छ जस मध्ये १६ सय ९२ जनालाई आकस्मिक स्वास्थ्य सेवा प्रदान गराइएको छ,

- पालिकालाई पुर्ण खोप पालिका सुनिश्चता तथा दीगोपना घोषणा कार्यक्रम सम्पन्न गरीएको छ,
- वडा नम्बर ६ र २ लाई वाल विवाह मुक्ता वडा घोषणा गरिएको छ।
- पस्ती आधारभुत अस्पतालको ल्याब सेवा लाई थप बिस्तार गरी सेवा सुविधा स्तरमा वढोत्तरी गरीएको छ,
- दिर्घरोगी हरुलाई सम्बन्धीत स्वास्थ्य संस्थामा मेडिकल अफिसर (डाक्टरको) उपस्थितिमा चेक जाचँ भई औषधी वितरण तथा परामर्श सेवा कार्य संचालनमा रहेकोछ,
- समयमै औषधीको आपूर्ती तथा परिपूर्तीका लागि स्वास्थ्य संस्थाहरुमा निःशुल्क वितरणका लागी प्रयाप्त औषधीको व्यवस्थापन गरीएको छ,

**ङ. आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगारी) का क्षेत्रमा भएका उपलब्धीः**

- कृषि सहकारी संस्थालाई व्यवसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ,
- किसान सुचिकरण कार्यक्रम निरन्तर चलिरहेको छ। मालिकार्जुन गाउँपालिकाको वडा नं. २ र ३ मा औखर पकेट र मौरी पकेट कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- कृतिम गर्भाधान कार्यक्रमको व्यवस्थापन गरिएको छ। महामारीको रुपमा देखापरेको लम्फी स्किन रोगको रोकथाम तथा नियन्त्रणका लागि पशु प्राविधिक परिचालनका साथै औषधीको व्यवस्थापन गरिएको छ।
- पशु स्वास्थ्यका लागि सम्बन्धित पशु सेबा केन्द्रहरुबाट औषधी वितरण तथा अन्य पशुपालन लक्षित कार्यक्रमहरु सम्पन्न गरिएको छ।
- गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रर्वद्धन गर्ने कामलाई व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ।
- रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ। यसबाट विभिन्न तालिममा सहभागीको दिर्घकालिन रोजगारीको अपेक्षा गराइएको छ। गाउँपालिकाको बेरोजगार सुचिमा रहेको प्राथमिकता क्रम अनुसार छनौट भएका ८३ जनाले प्रत्यक्ष रुपमा विकास निर्माणका काममा सहभागी भइ कम्तीमा १०० दिनको न्यूनतम रोजगारीको प्रत्याभुती गरेका छन्।
- गाउँपालिका क्षेत्र भित्र रहेको अर्ध सिपालु जनशक्तीहरुको सिपलाई थप उजागर गर्नका लागि पालिका स्वंयम तथा अन्य संघ संस्थाहरुको साझेदारीमा सोलार प्रणाली जडान, पलम्बरीङ्ग तालिम, बेल्डीङ्ग जस्ता प्राविधिक तालिम प्रदान गरी प्राविधिक जनशक्ती उत्पादनमा जोड दिइएको छ।
- ऐतिहासिक जोलजिवी मेलालाई सुदुरपश्चिम प्रदेशका मुख्य मन्त्रीको आतिथ्यतामा अन्तरवडा प्रतिभा पहिचानका विभिन्न कार्यक्रम सहित भब्यताका साथ सम्पन्न गरिएको छ।

**च. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः**

- वन ,वनस्पति ,वन्यजन्तु ,जैविक विविधता ,जलाधार व्यवस्थापनलाई समेटने गरी यसबाट प्राप्त हुने काठ ,दाउरा , जडिबुटी ,हरित उद्यम र पर्या पर्यटनको बिस्तार गरिएको छ। गाउँमा रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ।
- चालु आर्थिक वर्षको कार्यक्रमबाट दुइ वटा सामुदायिक नर्सरी स्थापना गरिएको छ।
- दिगो फोहर व्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएकोछ ।

**छ. सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धीः**

- गत वर्षको तुलनामा कार्यालय सन्चालन देखि लिएर गाडि भाडा सम्मको प्रशासनिक खर्च लाइ दोब्बर तरिकाले नियन्त्रण गरिएको छ।

- सबै किसिमका योजनाहरु समयमै सम्पन्न गर्नको लागि पटक पपटक निर्माण व्यवसायीलाई ताकेता गर्ने देखि लिएर स्थलगत अनुगमन तथा ताकेतामा अथक प्रयास गरिएको छ । साथै निकाशा प्राप्त रकम फ्रीज हुन नदिन समयमै बोलपत्र आव्हान गरी कार्यान्वयन गर्ने कार्यशैलीको विकास गरिसकिएको छ ।
- स्थलगत अनुगमन तथा निरीक्षणलाई विशेष महत्वका साथ अगाडी बढाइएको छ ।
- कार्यालयका १० लाख भन्दा माथिका सम्पूर्ण योजना तथा खरिद कार्य विद्युतीय माध्यमबाट बोलपत्र आव्हान गरी निष्पक्ष तथा खुला प्रतिस्पर्धाको माधर्यमबाट सम्पन्न गरिएका छन ।
- वडा स्तरमा एकीकृत घुम्ति शीविरको आयोजना गरी सबै शाखाका सेवाहरु हरेक ३ महिनामा आमा नागरिक समक्ष पुर्याउने प्रयास गरिएको छ ।
- गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना ,जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ ।
- यस गाउँपालिकाले गत आर्थिक वर्षको स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्क

  कन (LISA) मा ८५.२५ अंक प्राप्त गर्दै जिल्लामा दोस्रो स्थान हासिल गर्न सफल भएको छ ।
- राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ ।
- सेवा प्रवाहमा उल्लेखनीय सुधारका लागि विभिन्न चरणमा पटक पटक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

संघीय, प्रदेश सरकारसंगको साझेदारी, साझेदार निकायसँगको सहकार्य तथा विगतको मालिकार्जुन गाउँपालिकाको अवस्थालाई मध्यनजर गरी आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमलाई निम्नानुसार प्राथमिकीकरण गरेको छु ।

१. शिक्षा क्षेत्रको समग्र विकासलाई प्रविधिमैत्री बनाउने र प्राविधिक शिक्षामा जोड दिन आवश्यक व्यवस्था मिलाएकोछ ।
२. गाउँपालिकाबाट प्रदान गरिने सेवामा डिजिटल प्रविधि, विद्युतीय माध्यम लगायतका आधुनिक प्रविधिको उपयोग गरिने नीति अवलम्बन गरेको छु ।
३. गाउँपालिकाको २० वर्षे दीर्घकालीन गुरु योजना निर्माण गरी आवधिक योजना निर्माण, मध्यकालीन खर्च संरचना र योजना तयार गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
४. उद्यमशीलता विकास मार्फत गाउँपालिकामै रोजगार एवम् स्वरोजगार सिर्जना गरी औद्योगिक जनशक्ति उत्पादन मार्फत बेरोजगारी एवम्  गरिबी नयूनीकरण गर्ने र बढ्दो श्रम पलायनलाई रोक्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
५. गाउँपालिकाका गौरवका योजनाहरुका साथै अन्य ठूला योजनाहरु संघ, प्रदेश र विभिन्न विकास साझेदारहरुको सह-लगानीमा निर्माण गरी कार्यान्वयन गर्ने नीति लिइएकोछ ।
६. सञ्चलानमा रहेका बहुवर्षिय एवम्  क्रमांगत तथा अधुरो दायित्व सिर्जना भएका आयोजनाहरुलाई उच्च प्राथमिकता दिदै समग्र आयोजना कार्यान्वयन, अनुगमन र मुल्याङ्कनलाई प्रभावकारी बनाइनेछ ।
७. दिर्घरोगी तथा प्राणघातक रोग (मुटु, मृगौला, क्यान्सर, नसा) लागेका व्यक्तिको उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने, पालिकाका सबै नागरिकको स्वास्थ्य सुधारको लागि प्रत्येक घर सबै बस्तीमा नियमित रुपमा घरदैलोमा स्वास्थ्यकर्मी अभियान सञ्चालन गर्ने, सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी सुविधा सम्पन्न उपकरण जडान गर्दै दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्ने, अत्यावश्यक औषधिको नियमित आपूर्ति गर्ने, सबै नागरिकलाई स्वास्थ्य बीमामा सहभागी गराउँदै कमजोर आर्थिक अवस्थाका व्यक्ति र जेष्ठ नागरिकलाई निःशूल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरु,**
अब म यस गाउँपालिकाको आ.व. २०८१/०८२ को विषयक्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमः

### क. शिक्षाः

१. गाउँपालिकाले लागु गरेको स्थानीय शिक्षा पाठ्यक्रम "हाम्रो मालिकार्जुन" मा उल्लेख भएका स्थानिय धार्मिक सम्पदा, लोक संस्कृति, योग, आयुर्वेद, आध्यात्मिक ध्यान तथा विवीध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिने जोड दिइनेछ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवम् प्रवर्द्धन गरिनेछ।

३. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहन गरिनेछ।

४. **"अध्यक्ष शैक्षिक सुधार कार्यक्रम"** अन्तरगत विद्यालयहरुको भौतिक पूर्वाधार (विद्यालय भवन निर्माण ICT SMART Class room/मर्मत सम्भार) ,स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार, विद्यालय घेरबार, फर्निचर तथा करेसाबारी सुविधा बिस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनुका साथै विद्यार्थिसँग शैक्षिक सम्वाद कार्यक्रम सञ्चालन गरिनेछ।

५. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

७. "उत्कृष्ट शैक्षिक गन्तव्य मालिकार्जुन हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरु सँग सहकार्य र साझेदारी गरिनेछ।

८. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति अवलम्बन गरिनेछ।

९. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अविभावक बिचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

१०. गुणस्तरीय शिक्षाको सुनिश्चतताका लागि सघन अनुगमन र सुपरीवेक्षण मार्फत सिकाइ उपलब्धि वृद्धिका विषेश कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. हरेक वडामा नमूना विद्यालयको अवधारणलाई जोड दिंदै सबै विद्यालयमा **"एक विद्यालय एक करेसाबारी"** स्थापना गरी म हुर्काउँछु मेरो विरुवा मार्फत हरित विद्यालयको अवधारणामा निरन्तरता दिइनेछ। राष्ट्रवादी नेता प्रेम सिंह धामी को जन्म स्थानमा रहेको तथा उहाँले शिक्षा लिएको विद्यालय श्री मालिकार्जुन माध्यमिक विद्यालय, मड लाई उहाँको स्मृतिमा नमुना विद्यालय बनाउनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

१२. विद्यालय तहको अन्तिम परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थी, सबै भन्दा उच्च प्रतिशतमा विद्यार्थीहरू उत्तीर्ण गराउन सफल विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ।

१३. पालिका क्षेत्र भित्र रहेको एक सामुदायिक विद्यालयमा गरीब, अनाथ, असाहय, टुहुरा तथा विभिन्न लक्षित समुदायका बालबालिकाहरुलाई लक्षित गरि आवासिय विद्यालय सञ्चालन गरिनेछ।

१४. गाउँपालिका भित्र रहेका सवै माध्यमिक र पालिका स्तरमा बहुउद्देश्यीय खेल मैदानको प्रस्तावना गरिनेछ, साथै आधारभूत विद्यालयहरुका खेल मैदानलाई पनि व्यवस्थित गर्दै लगिनेछ।

१५. प्रत्येक सामुदायिक विद्यालयहरुमा स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम, भान्छाकोठा व्यवस्थापन, खानेपानी व्यवस्थापनका लागि बालमैत्री धाराहरु निर्माण, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई विभिन्न साझेदार संस्थाहरुको साझेदारीमा थप व्यवस्थीत र प्रभावकारी रुपमा अगाडी बढाइनेछ।

१६. शैक्षिक क्षेत्रको रूपान्तरणका लागि पालिकाले तर्जुमा गरेको दिर्घकालिन शैक्षिक गुरुयोजना प्राथमिकताका साथ लागु गरीनेछ।

१७. हरेक वडाका १/१ जना गरिब तथा जेहेन्दार उत्कृष्ठ विद्यार्थीलाई प्रवीणता प्रमाण-पत्र तहमा प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीका लागि नतिजाका आधारमा छात्रवृति उपलब्ध गराउन "शिक्षण सिकाई अनुदान कोष" उपलब्ध गराइनेछ।

१८. विभिन्न साझेदार संस्थाहरुको साझेदारीमा महिनावारीको उमेर पुगेका बालिकालाई सहज रुपमा सेनिटरी प्याडको उपलब्धताका लागि क्रमशः विद्यालय तहमा सेनिटरी भेण्डिङ मेसिन जडान गरिने छ साथै प्रयोग भइसकेका स्यानिटरी प्याडलाई सुरक्षित रुपमा डिस्पोजल गर्न विद्यालयहरूमा क्रमशः सेनिटरी प्याड डिस्पोज इन्सेनेटर मेसिन जडान गरिनेछ।

१९. पालिका क्षेत्र भित्रका प्राविधिक धार संचालनमा रहेका शंकरपुर मा.वि. र मालिकार्जुन मा.वि., मड लाइ गुणस्तर सुधारका लागी आवश्यकता अनुसार सहयोग गरिने नीति लिईनेछ, साथै अन्य विद्यालयहरुमा पनि प्राविधिक शिक्षाको अध्ययन अध्यापनको लागी पहल गरिनेछ।

२०. सम्पुर्ण सामदायीक विध्यालयहरुमा योग तथा खेललाइ प्रभावकारी र विधिसंवत प्रतिस्पर्धात्मक गर्नका लागी योग तथा खेल शिक्षाको व्यवस्थापन गर्ने निति लाइ अबलम्बन गरीनेछ।

२१. जनआन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने मालिकार्जुन गाउँपालिकाका शहिदहरु राष्ट्रवादी नेता प्रेम सिंह धामी, मोहन सिह धामी (विजय), नयन सिंह बोहरा, गोकर्ण जोशी लगायतका सहिदहरुको स्मृतीमा सम्मान स्वरुप स्मृती दिवसको आयोजना गरिनुका साथै स्मृती निर्माणका कार्यक्रमहरु संचालन गरिनेछ।

२२. पालिकास्तरमै शिक्षक सेवा तथा लोकसेवाका तयारी तथा प्रतिस्पर्धात्मक कक्षाहरु संचालन गरीनेछन।

## ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रमः

१. गाउँपालिकालाई खुल्ला वहु सांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका भित्र बोलिने मातृभाषाको संरक्षण गर्दै त्यस्ता भाषाहरुको लिपि, लेखन, व्याकरणको प्रकाशन गर्ने निति अबलम्बन गरीनेछ।

४. गाउँपालिका भित्र आयोजना हुने विभिन्न जात्रा, मेला महोत्सवहरुमा परम्परागत भेष-भुषा, कला साहित्य, संस्कृति, संगीत, देवगाथा जस्तै: झोणो, फाग लगायतका झाक्री हरुको प्रर्वद्धन गर्ने नीति अबलम्बन गरीनेछ।

## ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमः

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनःस्थापनाको प्रबन्ध मिलाइनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नव प्रवर्तनशील, लगायतका प्रोत्साहन मुखी कार्यक्रम संग आवध्द गरिनेछ।

५. युवा स्वरोजगार र लघु उधम विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।
६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
७. **"एक वडा, एक योग तथा व्यायामशाला"** को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।
८. प्रधानमन्त्री रोजगार कार्यक्रम/रोजगार सेवा केन्द्र मालिकार्जुन तथा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत विपन्न, गरिब र मुक्त हलिया परिवारलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।
९. गाउँपालिका गौरवका रुपमा रहेका अध्यक्ष रनिगं शिल्ड तथा अध्यक्ष क्रिकेट कप, पस्ती प्रीमेयर लिग र राष्ट्रपति रनिङ्ग शिल्ड लगायतका रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।
१०. युवाहरुको विकास सहभागिताका लागी युवा परिषद को स्थापना गरीनेछ।

## घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, सिमान्तकृत समुदाय र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न सिपमुलक तालिम र पुँजि लगानी सहयोग गरिनेछ।
४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।
५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
६. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।
७. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
१०. हरेक वडामा एउटा बाल उद्यान निर्माण का लागी सम्भाव्यता अध्ययन गरिनेछ।
११. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
१२. बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) ले वि.स. २०८२ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता बमोजिम गाउँपालिकामा पनि सबै प्रकारका बालश्रम अन्त्यका लागि विभिन्न साझेदार संस्थाहरुको साझेदारीमा **बालश्रम अन्त्य अभियान** कै रुपमा अगाडी बढाइनेछ।
१३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताको सम्बन्धमा वित्तीय साक्षरता, सामाजिक सुरक्षा प्राप्तिको प्रक्रिया तथा त्यसको उपभोग लगायतका वियषमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछन्।
१४. सङ्घीय सरकारबाट प्राप्त अनुदानमा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजनाका लागि आवश्यक थप बजेटको व्यवस्था गरी प्रभावकारी रुपमा लागु गरिने नीति अवलम्बन गरिने छ।
१५. बालश्रम, बालविवाह न्यूनीकरण तथा असहाय बालबालिकाको संरक्षण गर्ने नीति लिइनेछ।
१६. "उपाध्यक्ष बालवालिका शिक्षा संरक्षण" कार्यक्रम मार्फत बालबालिकाहरुको शैक्षिक सुरक्षाको सुनिश्चितता गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१७. अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक तथ्यांङ्क संकलन गरी विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरूको सहयोगमा सहयोगी उपकरणहरु, संभाव्य सीप तथा स्वास्थ्य उपचारका साथै समुदायमा आधारित पुर्नस्थापना गृह निर्माण कार्य अगाडि बढाउन पहल गरिने छ।

१८. मालिकार्जुन गाउँपालिकामा बाल विवाह अन्त्यका लागि स्थानीय रणनीति, २०७६ जारी भई २०८२ सालभित्र मालिकार्जुन गाउँपालिकालाई पूर्ण बाल विवाह मुक्त गाउँपालिका घोषणा अभियानलाई प्रभावकारी रुपमा अगाडी बढाइने नीति लिईनेछ।

१९. बाल-विवाह, बहुविवाह, जातीय छुवाछूत, अनमेल विवाह, सामाजिक कु–संस्कार र अन्धविश्वासको अन्त्य गर्न विभिन्न जनचेतनामूलक समाज सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछन्। मालिकार्जुन गाउँपालिकालाई समतामुलक सवैखाले विभेद छुवाछूत मुक्त गाउँपालिका बनाउने नीति अङ्गिकार गरिनेछ।

२०. महिला सशक्तीकरण तथा उनीहरुको क्षमता विकास गरि उनीहरुलाई आत्म निर्भर बनाउन विभिन्न किसिमका तालिमहरु सञ्चालन गरिने छ।

२१. बालविवाह, मानव बेचविखन तथा ओसारपसार लैङ्गिक हिंसा सम्बन्धी विभिन्न किसिमका चेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमः

१. भौगोलिक अवस्थालाई ध्यानमा दिदै जनताको स्वास्थ्य सुरक्षाको लागि स्मार्ट हेल्थ सेवा सञ्चालन गरिनेछ।

२. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न आधारभुत अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान, उपचार र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ।

३. दिर्घरोगी तथा प्राणघातक रोग (मुटु, मृगौला, क्यान्सर,पक्षघात, नसा) लागेका व्यक्तिको उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने, पालिकाका सबै नागरिकको स्वास्थ्य सुधारको लागि प्रत्येक घर सबै बस्तीमा नियमित रुपमा घरदैलोमा डाक्टर सहीतको घरदैलो अभियान सञ्चालन गर्ने, सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी सुविधा सम्पन्न उपकरण जडान गर्दै दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्ने, अत्यावश्यक औषधिको नियमित आपूर्ति गर्ने साथै सबै नागरिकलाई स्वास्थ्य बीमामा सहभागी गराउँदै कमजोर आर्थिक अवस्थाका व्यक्ति र जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ।

४. पुर्ण संस्थागत सुत्केरी अभियान र शुन्य कुपोषणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनु को साथै संघ र प्रदेश सरकारसंगको समन्वयमा गर्भवती महिलाको गर्भावस्थाको नि:शुल्क परीक्षण पर्न ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम विस्तार गरिनेछ।

५. महिलाको पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने, मुटु, कलेजो, मृगौला सम्बन्धी रोगको पहिचान एवम् निदान गर्न वडा स्तरमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन लाइ निरन्तरता दीइनेछ।

६. विद्याथीहरुलाई जिवनमा आइपर्ने स्वास्थ्य सम्बन्धी ज्ञानका लागी सबै सामुदायिक विद्यालयहरुमा "जीवन उपयोगी स्वास्थ्य शिक्षा" कक्षा सञ्चालन गरिनेछ।

७. स्वस्थ्य जीवन शैली अवलम्बनको माध्यमबाट सर्ने तथा नसर्ने रोगको रोकथाम तथा न्युनीकरण गर्न आयुर्वेद स्वास्थ्य संस्थाको पहुचबाट टाढा रहेका वडा तथा विध्यालयहरुमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रमलाई निरन्तरता तथा वडाहरुमा योग शिविर तथा नागरिक आरोग्य कार्यक्रम लगायत शिविर संचालनलाई आगामी आ.व.मा पनी निरन्तरता दिइने छ।

८. यस मालिकार्जुन गाउँपालिका भित्र रहेका टुहुरा वालवालिका तथा अति विपन्न एकल महिला र गर्भवती सुत्केरी महिलाहरुका लागि निशुल्क रुपमा एम्वुलेन्स सेवा दिने ब्यवस्था मिलाईने छ।

९. दिगो पोषण सुरक्षाका लागि **''एक घर एक करेशावारी ,वाहै महिना घरमै हरियो तरकारी ''** कार्यक्रम लागु गर्न पहल गरिने छ।

१०. एकिकृत पोषण पाठशाला सञ्चालन गरिने छ।

११. आ.व. २०९१/०९२ सम्म क्षयरोगको अन्त्य र आ.व. २१०६/०७ सम्म नेपालमा क्षयरोग निवारण गर्न लक्ष्य अनुरुप मालिकार्जुन गाउँपालिकालाई क्षयरोग मुक्त गाउँपालिका बनाउन अभियानलाई निरन्तरता दिईनेछ।

१२. **"पशुपंक्षी पालौ कुपोषणलाई फालौ"** अभियान सञ्चालन गरिने छ।

१३. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुमा विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत विद्यार्थी तथा कर्मचारीहरुको ६/६ महिना मा स्वास्थ परिक्षण तथा बालबालिकाहरुलाई जुका संक्रमण नियन्त्रणका लागि जुकाको औषधी तथा आइरन फोलिक एसिड चक्की खुवाउने व्यवस्था मिलाइनेछ।

१४. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

१५. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन **"एम्बुलेन्स व्यवस्थापन कोष"** स्थापना गरिनेछ।

१६. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

१७. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

१८. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

१९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

२०. स्वास्थ्य चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमः

१. स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन।

२. उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ। यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय ''आर्थिक विकास सम्वाद मञ्च" गठन गर्ने निति अवलम्बन गरिनेछ।

३. नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्ट अप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ। यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन।

## ३. उद्योग, पर्यटन तथा रोजगार सम्बन्धी नीति तथा कार्यक्रमः

१. औद्योगिक तथा व्यावसायिक विकासका लागि उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।

३. लगानी मैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

४. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्न विशेष पहल गरिनेछ।
५. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।
६. गाउँपालिका स्तरमा एक उद्योग ग्राम स्थापना गरी स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थको प्रशोधनमा सहयोग गरिनेछ ।
७. नव प्रर्वद्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसार पालिका स्तरमा कार्यक्रमहरु सञ्चालन गरिनेछन ।
८. परम्परागत उत्पादनहरु पारो विन्ना, डोको डालो, नाम्ला डोरी, दुना टपरी, आरन आदिलाई निरन्तरता दिई तिनको संरक्षण प्रर्वद्धनको लागि सीप सिकेर स्रोत साधनको अभावमा बसिरहेका व्यक्तिहरु लाई रोडहेडमा व्यवसाय सञ्चालन गर्न उचित सहयोग उपलब्ध गराइनेछ ।
९. उद्यमीहरुको उत्पादनलाई वजारीकरण गर्नका लागि स्थानीय स्तरमा आयोजना हुने मेला महोत्सवहरुमा प्रदर्शनीका लागि सहयोग गरिनेछ ।
१०. गाउँपालिका भित्रका उद्यमीहरुले उत्पादन गरेको बस्तुको ग्रेडिङ, लेवलिङ, प्याकेजिङ, ब्रान्डीङका लागि विभिन्न साँझेदार संस्थाहरुसंग समन्वय तथा सहकार्य गरिनेछ ।
११. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
१२. गाउँपालिका क्षेत्र भित्रका धार्मिक पर्यटकीय स्थलहरु जोडने जस्तै: शिखर धाम पदमार्ग, हुनैनाथ पदमार्ग लगायत अन्य धार्मिक धरोहरहरुको संजाल निर्माण कार्यलाइ निरन्तरता दिइनेछ।
१३. गाउँपालिका क्षेत्र भित्र रहेका धार्मीक स्थलहरुमा धार्मिक भ्रमण सप्ताह को आयोजना गरी धार्मीक आस्थाका धरोहरहरुको प्रचार प्रसारका साथै आन्तरीक तथा बाह्य पर्यटन प्रर्वद्वनमा जोड दिइनेछ।
१४. विभिन्न जात जातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न होम स्टे वस्ती निर्माण का लागी प्रस्तावना का आधारमा छनौट गरिनेछ।
१५. अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।
१६. वैदेशिक रोजगारीबाट फर्केका युवाहरु तथा विभिन्न ज्ञान, सीप सिकेका युवायुवातीहरुको रोजगार सेवा केन्द्रमा तथ्याङ्क अध्यावधिक गरी उनीहरुले सिकेको ज्ञान, सीप र प्रविधि अनुसार व्यवसाय तथा उद्यम गर्न चाहने युवायुवतीहरुलाई "अध्यक्ष स्वरोजगार कार्यक्रम" मार्फत उत्पादनमूलक उद्यमशीलता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१७. विभिन्न किसिमको सीप सिकेका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीप र ज्ञानको विवरण समेत रोजगार सेवा केन्द्रमा तथ्याङ्क अध्यावधिक गरी त्यस्तो जनशक्तिलाई उपलब्ध हुने निर्माण, सेवा, व्यवसाय, उद्योग, सहकारी, कृषि लगायतका क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण तथा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
१८. वडा नं. ६ मा रहेको ऐतिहासिक उकू श्रीमहलको पुर्ननिर्माण गर्न पुरातत्व विभाग संग सहकार्य गरिनेछ ।
१९. परम्परा देखि चल्दै आएका तथा लोपोन्मुख रीतिरिवाज, भेषभुषा, सस्कृति, पुरातात्विक महत्वका सामग्रीहरू संकलन, सम्वर्द्धन एवं जगेर्ना गर्न गाउँपालिका स्तरमा संघ संस्था तथा निजी क्षेत्र सँगको सहकार्यमा एउटा संग्रहालय स्थापना गर्न पहल गरीनेछ ।
२०. पर्यटन पर्वद्धन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरी होटेल, रेस्टुरेन्ट, होमस्टे, पदमार्ग लगायतका क्षेत्रको विकास गरिनेछ ।
२१. यस गाउँपालिका भित्र रहेका सवै मठ मन्दिरहरु एवं धार्मिक शक्ति पिठहरुको लागत तथा अभिलेख राखिनुका साथै तिनको संरक्षण र सम्वर्द्धनका लागि उचित व्यवस्थापन गरिनेछ ।

२२. मालिकार्जुन गाउँपालिका को पहिचान सांस्कृतिक विराशत हरु झोडो, फाग, सगुन, ढुस्को, अठवालि, ठाडो खेल, चैतालो, भाड तथा अन्य शुभ कार्यमा गाईने सगुन,कथा किम्वदन्ति, विभिन्न देवि देवताको जनश्रुति आदि संस्कृति एवं अन्य अमूल्य निधीहरुको अध्ययन,अनुसन्धान, साथै विध्यालयको स्थानिय पाठयक्रममा समावेश गरी सम्वर्द्धन संरक्षण र प्रवर्द्धन मा जोड दीइनेछ।

२३. यस क्षेत्रकै सबै भन्दा अग्लो ठाउँ मालिकार्जुन गाउँपालिकाको न्वालपानी दमौरामा नागरिक आरोग्य केन्द्र, पार्कआदिको व्यवस्थापन गरी पर्यटकहरुलाई आकर्षण गर्ने नीति अगाडी बढाइने छ।

२४. गाउँपालिकामा विद्यमान बेरोजगारी अन्त्य सँगै उत्पादनसील रोजगारी बृद्धिका लागि मालिकार्जुन गाउँपालिकाको रोजगार रणनीति बमोजिम आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

२५. गाउँपालिका भित्रका बेरोजगारीको अवस्था र रोजगारमा सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्साकंन कार्य अघि बढाइनेछ।

२६. स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ। बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ।

२७. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमुलक क्षेत्र पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ।

२८. कुनै पनि काम ठुलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई नेपाल सरकारको नीति **"श्रमको सम्मान, राष्ट्रको अभियान"** अन्तर्गत कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जिवनशैली, उपर्युक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन मालिकार्जुन गाउँपालिकाको नीति हुनेछ।

## ४. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रमः

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। साथै उत्पदानमा आधारीत अनुदान कार्यक्रमलाइ अगाढी वढाउने निति अबलम्बन गरीनेछ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

४. गाउँपालिका भित्र कृषक सुचिकरण फर्म सुचिकरण समुह सुचिकरण को आधारमा लागत साझेदारीमा आधारीत कार्यक्रम संचालन गर्न खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

५. सार्वजनिक-निजी साझेदारी अन्तर्गत सरकारी, गैरसरकारी, निजी क्षेत्र, कृषि सहकारी र कृषि समुहहरु सितको सहकार्यमा खेतीयोग्य रहेको बाँझो जग्गाको उपयोग गरी फलफूल, तरकारी, मसला खेती, कृषि वन, घँस खेती, पशुपालन तथा अन्य उत्पादनमूलक कार्यक्रमहरु सञ्चालन गरी उत्पादनशील रोजगारी सृजना गरिनेछ।

६. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार,संकलन केन्द्र सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

७. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

८. खेतियोग्य जमिनको पहिचान गरी कृषियोग्य जमिनमा उत्पादन उपयोग योजना बनाई माटो सुहाउँदो खेती गर्नका लागि आधुनिक यन्त्रको प्रयोग गरी नवीनतम प्रविधि मार्फत कृषि व्यवसाय तिर आकर्षित गर्न कृषि यान्त्रीकरण कार्यक्रम लागु गरिनेछ।

९. सम्भावना रहेका बस्तीहरुको पहिचान गरी आधुनिक प्रविधिमा आधारित कृषि तथा पशुपन्छी विकास कार्यक्रम लागु गर्न पकेट क्षेत्र घोषणा गरी कृषि उपजको उत्पादनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न मागमा आधारित अनुदान सहित परामर्श सेवा उपलब्ध गराइनेछ।

१०. कृषिजन्य वस्तुको उत्पादन वृद्धि गर्न किसानले भोग्नुपरेका समस्याहरुको समाधान गर्नका लागि “एक वडा एक प्राविधिक” जनशक्तिको व्यवस्थापनलाइ निरन्तरता दीइनेछ।

११. बालीको सुरक्षाको लागि कृषि बीमामा सबै किसान समेटदै व्यवसायिक रुपमा कृषिमा लगानी गरिरहेका किसानहरुलाई कृषि कर्जाको उपलब्धतामा सहजता ल्याई युवाहरुलाई कृषि उत्पादनमा लाग्न उत्प्रेरित गर्ने कार्यक्रम लागू गरिनेछ।
१२. सम्भाव्यताका आधारमा बाली विशेषका पकेट क्षेत्रहरू निर्धारण गरी सोही अनुसार आधुनिक एवम् बैज्ञानिक तरिकाको खाद्यान्न,तरकारी,दूध,फलफूल,मसलावाली, नगदे वाली,च्याउ,माछापालन, पशुपन्छी र मौरीपालन जस्ता कृषि तथा पशुपालन कार्यक्रमहरूलाई व्यवसायीकरण गर्न कृषि समूह, कृषि सहकारी र व्यक्तिगत फर्महरूलाई प्रोत्साहन दिइनेछ।
१३. पशु स्वास्थ्य सेवामा विस्तार, नश्ल सुधार, कृत्रिम गर्भाधान, पशुआहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत मालिकार्जुन गाउँपालिकालाई पशुपालन क्षेत्रको रूपमा विकास गरी मासु तथा दूधको लागि आत्मनिर्भरता तर्फ उन्मुख एवं प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१४. मालिकार्जुन गाउँपालिका मा उत्पादन हुने महलाई मालिकार्जुनको पहिचान हुने गरि लेबलिङ–प्याकेजिङ गरि निकासी गर्न उद्यमीहरू लाई प्रोत्साहन गर्ने नीति लिईनेछ।
१५. किसान परिचय पत्र कार्यक्रममा छुटेका कृषकहरुलाई लाई समेत यस कार्यक्रममा जोडी किसान परिचय पत्र वितरण को कामको निरन्तरता दिइनेछ।
१६. सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारामा फलफुल र अन्य विरुवा रोपण कार्य गर्ने र संरक्षण गर्ने कार्यक्रम अभियानका रुपमा संचालनमा ल्याइने छ।
१७. **"मेरो वालक मेरो वृक्ष"** कार्यक्रमलाई निरन्तरता दिइने छ।
१८. कृषि व्यवसाय लाई सजिलो र कम समयमा वढी कार्य गर्न आधुनिक उपकरणहरु जस्तै मिनि टिलर,पावर टिलर,थ्रेसर, मकै छोडाउने मेसिन,मेटलविन र पोलिहाउस आदी मा अनुदान दिइने छ।
१९. मालिकार्जुन गाउँपालिका लाई दलहन वालीमा आत्मनिर्भर गराउन विभिन्न सरोकारवाला निकायहरुको साझेदारी एवंम आपसि समझदारीमा उत्पादन र वजारीकरणमा प्रोत्साहन अनुदान कार्यक्रम संचालन गरिनेछ।
२०. पशुपन्छिमा फैलिने विभिन्न रोगहरूको उपचारका लागी सेवाको विस्तार गर्न पशु स्वास्थ्य सेवा गाउँ घर क्लिनक कार्यक्रम तथा शिविर सेवा सबै वडा कार्यालय तथा वडा कार्यालयहरूको समन्वय तथा साझेदारीमा कार्यक्रम संन्चालन गरिनेछ।
२१. पशुपन्छी मृत्युदर न्युन तथा रोग पहिचान गरी निदान गर्न कृषकको पशुधन सुरक्षा गर्न, उपचार तथा प्रयोगशाला निर्माण गरी प्रयोगशाला सेवा लाई प्रभावकारी बनाईनेछ।
२२. पशु स्वस्थ्य तथा अन्य पशुसेवा का कार्यक्रम हरुलाई सबै को पहुँचमा पुगाउन आवश्यक कार्यक्रम हरु जनचेतना मुलक कार्यक्रम संन्चालन गरिनेछ।
२३. पशुपन्छी बाट मानव स्वास्थ्यमा पर्ने असरलाई मध्य नजर गर्दै बिभिन्न जनचेतना मुलक कार्यक्रम कृषक को दैनिकी बनाउन यान्त्रीकिकरण कार्यक्रम तर्जुमा गरिने छ।
२४. पशुपालन व्यवसाय लाई उत्पादनशील तथा नश्ल सुधारका लागी उन्नत पशुपालन तथा कृतिम गरभाधान कार्यक्रम संन्चालन गरी प्रभावकारी ढंग बाट निरन्तरता दिइने छ।
२५. पशु नश्ल सुधार अनतर्गत भैँसी प्रर्वद्रन लाई प्राथमिकतामा राखी बाँजो रहेको तथा कबुलुनियती वन मार्फत घाँस खेती कार्यक्रम लागु गरी घाँस फर्म को स्थापना गर्न पहल गरिनेछ।
२६. कृषि तथा पशुपन्छीमा हुन सक्ने महामारी तथा अन्य सम्भावित हानी नोक्सानीबाट कृषकहरुलाई पुग्ने क्षतिको न्यूनिकरणका लागि कृषि तथा पशुपन्छी बिमा अनिवार्य गरि बिमा सम्बन्धी कार्यक्रमहरु सचालन गरिनेछन।
२७. बढदै गहिरहेको माहामारी जन्य रोगहरुको प्रकोपलाई मध्य नजर गर्दै आकस्मिक रोग नियन्त्रणका कार्यक्रम संचालन गरिनेछ।
२८. माहामारी जन्य रोगले पशुपन्छी क्षेत्रमा पारेको प्रभावको न्युनिकरण गर्ने किसानहरु लाई प्रोत्साहन गर्ने खालका कार्यक्रम सन्चालन गरिनेछ।

## ५. सहकारी सम्बन्धी नीति तथा कार्यक्रमः

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उच्च प्राथमिकतामा रहेको उत्पादन, उत्पादकत्व र रोजगारीलाई पालिकाभित्र रहेका कृषि सहकारी संस्थाहरु सित साझेदारीमा उत्पादकत्व तथा रोजगारी सृजना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. सार्वजनिक-निजी, सार्वजनिक सहकारी एवम् सार्वजनिक सामुदायिक साझेदारीमा सम्बन्धी नीति तथा कानुन बनाएर स्थानीय सहकारीहरुको पुर्वाधार प्रवर्द्धन र व्यवसायिक विकास गरिनेछ।

६. बचत तथा ऋण सहकारीका माध्यमवाट उत्पादनमूलक क्षेत्रमा पुँजी परिचालन र वित्तीय पहुँच अभिवृद्धिका कार्यक्रमहरुमा सहयोग गर्दै एक वडा एक उत्पादन कार्यक्रमलाई प्राथमिकताका साथ लागु गरिनेछ।

७. गाउँपालिका क्षेत्र भित्र निस्क्रीय रुपमा रहेका सहकारीहरुको अभिलेखिकरण गरी सक्रीय संचालनका लागी आवश्यक परामर्श सहीतको सेवा र वित्तिय जोखिमको सुनिसश्चताका नियमित अनुगमन, प्रोत्साहन, दण्ड, जरिवना लगायत खारेजि सम्मका आवश्यक प्रकृयाका लागी पहल गरिनेछ।

## ६. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रमः

१. गाउँपालिका क्षेत्र भित्रका प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु प्रोत्साहीत गरिनेछ।

२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

४. डिजिटल नेपाल अभियानको कार्यविधि अनुसार सबै स्वास्थ्य संस्था, विद्यालय, वडा कार्यालय, सहकारी संस्था र सामुदायिक संस्थाहरुमा द्रुत गतिको इन्टरनेट/इन्ट्रानेट जडान गरि गाउँपालिकाबाट उपलब्ध गरिने हरेक सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रणालीको स्थापना गर्ने, सेवा प्रदायकका सबै टावरमा 4G डिभाईस जडान गर्न पहल गरी सेवा सञ्चालनमा ल्याइनेछ।

५. जनप्रतिनिधि, कर्मचारी, शिक्षकहरु लगायत सरोकारवालाहरु तालिम दिई प्रविधिमैत्री हुन सहयोग गरिनेछ।

६. सम्पूर्ण वडाको विवरण समेट्ने गरी एकिकृत स्थानीय सरकार पाश्वचित्र (iLG Profile) अध्यावधिक गरिरिनेछ।

७. अन्तरविषयक क्षेत्र (Cross cutting issues) जस्तै दिगोपन, लैङ्गिक समावेशीकरण, किशोर किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति, सांस्कृतिक विविधता, स्थानीय विषय (Local Content) संग सम्बन्धित विषयहरुमा सूचान प्रविधिको अधिकतम प्रयोग सुनिश्चित गरिनेछ।

८. गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरुमा डिजिटल लाइब्रेरी स्थापना गर्न तर्फ पहल गरिनेछ।

## ७. न्याय,कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रमः

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

३. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

४. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ डिजिटल जस्टिस सिस्टम तयार गरी लागु गरिनेछ।

५. गाउँसभामा न्यायिक समितिको वार्षिक प्रतिवेदन पेश तथा अध्यावधिक गरीनेछ।

## ८. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रमः

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन जनतासँग अध्यक्ष कार्यक्रम अन्तर्गत मासिक रुपमा एकपटक सामाजिक संजालको माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणालीमा **"हेल्लो अध्यक्ष कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

३. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ।

४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ।

८. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन “हाम्रो मालिकार्जुन” नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१०. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

११. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान भइ परिचयपत्र प्राप्त भएका लक्षित वर्गका लागी लक्षित कार्यक्रमहरु संचालन गरिनेछन।

१३. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१४. गाउँपालिकाबाट हुने सबै खाले भुक्तानी प्रकृया EFT विद्युतीय भुक्तानी प्रणाली लागु गरिनेछ र वडा हरुमा नै घुम्ती शिविर मार्फत भुक्तानी प्रकृया अवलम्बन गरीनेछ।

१५. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१६. गाउँकार्यपालिका मातहतमा रहेका राष्ट्र सेवक कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मुल्याकंनका आधारमा उत्कृष्ट कर्मचारीहरुलाइ थप प्रोत्साहान तथा सम्मान गरिने व्यवस्था मिलाइनेछ।

## ९. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमः

### क. खानेपानी तथा सरसफाईः

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।
४. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन कार्यप्रारम्भ गरिनेछ।
५. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ ।
६. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ ।
७. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गर्दै लगिनेछ ।
८. हालसम्म सेवा प्राप्त गर्न नसकेका तथा पिछडिएका वर्गहरुलाई उच्च प्राथमिकतामा राखी तिन वर्ष भित्रमा सबै घरधुरीमा एक घर, एक धारा को व्यवस्था मिलाइनेछ । खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकासको लागि कार्यपालिका मातहत रहेको खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड र, सो मातहत पालिका स्तरमा आवश्यक जनशक्ति सहितको वास युनिट मार्फत सबै निर्मित आयोजना हरुको दिगोपनको लागि पालिकाले उपभोक्ता समिति कार्यसंचालन निर्देशिका र खानेपानी योजना विस्तार तथा मर्मत सम्भार कार्यविधिका आधारमा खानेपानी योजनाहरुको सुचिकरण ,दर्ता तथा नविकरण गरी सुचिकृत योजनाहरुमा दिगोपनाका लागी उपभोक्ता समितिहरुको सशक्तिकरणमा जोड दिन क्षमता अभिवृदीका कृयाकलाप संचालन गरीनेछन।
९. वस्तीस्तरमा मुहान नभएर खानेपानीको समस्या रहेका स्थानहरुमा संघ तथा प्रदेश सरकारको सहकार्यमा लिफ्टिङ खानेपानी योजनाहरु सञ्चालन गरिनेछ ।
१०. हरेक खानेपानी तथा सरसफाइ योजनाहरुलाइ दिगो रुपमा संचालन तथा सम्भार कार्यका लागी योजनाको प्रकृति र लाभान्वित घरधुरीहरुको आधारमा हरेक योजनाका लागी पानी हेरालु (पलम्वर)को व्यवस्था गरीनेछ।
११. गाउँपालिका भरीका खानेपानी योजनाहरुमा योजनाको प्रकृति हेरी वैज्ञानिक तवरले खानेपानी महशुल निर्धारण गरीनेछ र उक्त महुशललाइ खानेपानी योजना विस्तार तथा मर्मत सम्भार कार्यविधि का आधारमा खानेपानी योजनाहरुको मर्मत सम्भार कार्यका लागी मात्र खर्च गरीने निति अवलम्बन गरिनेछ।
१२. वास युनिट मार्फत गाउपालिका खानेपानी तथा सरसफाइ गुरुयोजना (वास प्लान) लाइ अध्यावधिक गरी दातृ निकाय (सरकारी तथा गैरसरकारी) हरु सित साझेदारीमा योजना निर्माणका लागी वास प्लान को वजारीकरणमा व्यापक जोड दिइनेछ ।

**१०. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।
२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।
४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।
५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको स्थनीयतहको अधिकार क्षेत्र बमोजिम निजी वन दर्ता, विधान कार्ययोजना निर्माण गरी निजी वन दर्ता अभियान प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
६. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
७. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

८. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

९. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

१०. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

११. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

१२. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१३. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ।

**११. भौतिक पूर्वाधार विकास (बस्ती विकास, आवास तथा पूर्वाधार सडक) सम्बन्धी नीति तथा कार्यक्रमः**

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ।

४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ। यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ।

६. एकिकृत वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

७. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

८. एकिकृत विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। गाउँपालिकाको गहनाको रुपमा रहेको र सभागृह, वाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुननिर्माण गरी सभा समारोहहरु सभागृहमा संचालन गर्न प्राथमिकता दिइनेछ।

९. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

१०. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

११. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१२. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१३. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१४. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१५. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ।

१६. प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ।

१७. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ।

१८. हरेक वडा कार्यालय सम्म सडक लाइ वाह्रै महीना गाडी गुडाउन मिल्ने गरी ग्रामीण सडकहरु (रोड) को स्तारोन्नति गरी नियमित सञ्चालनमा ल्याइने छ। सडक पुर्वाधार निर्माणमा ग्रीन रोड अवधारणा लागु गरी, थप वातावरणीय प्रभाव मूल्याङ्कन गरी सडक निर्माण गर्न भौगोलिक रुपमा कमजोर बस्तीहरु सम्म मुख्य सडक देखि ग्राभेल तथा घोरेटो बाटो निर्माण गरिनेछ।

१९. आकस्मिक र आपतकालीन हवाई उद्धारको लागि हरेक वडा कार्यालयको स्वास्थ संस्थाको पायक पर्ने एक स्थानमा हेलिप्याड निर्माण गर्नका लागी सम्भाव्यता अध्ययन गरीनेछ।

२०. सडक पहुँच नपुगेका बस्तीहरुसम्म सडक पुगाउनका लागि संघीय तथा प्रदेश सरकार संग समन्वय गरी सडक विस्तार गरिनेछ।

२१. बस्ती जोड्न आवश्यक परेका सबै खोलाहरुमा झोलुङ्गे पुल तथा पक्की पुल निर्माणका लागि संघीय र प्रदेश सरकारको तालुक निकायमा पहल गरिनेछ।

२२. पालिका क्षेत्रभित्रका विभिन्न सार्वनिक स्थानहरुमा यात्रु प्रतिक्षालय निर्माण गर्न आवश्यक प्रवन्ध गरिनेछ।

२३. राष्ट्रवादी नेता श्री प्रेम सिंह धामी को स्मृतिमा पालिका क्षेत्र भित्रको उचित स्थानको सम्भाव्यता अध्ययन गरि "प्रेम सिंह धामी स्मृति सदन" स्थापना गरिनेछ।

२४. हरेक विकास निर्माणका योजनाका विपद तथा जोखिम न्युनिकरण अवधारणा लागु गर्न प्रत्येक योजनामा योजनाको कुल लागतको १ प्रतिशत रकम वरावरको वृक्षारोपण कार्य स्वयंम उपभोक्ता समिति वा निर्माण व्यवसायी ले अनिवार्य रुपमा अवलम्बन्न गर्न प्रोत्साहित गरिनेछ।

२५. विध्यालय तथा अन्य सार्वजनिक स्थलहरुको निर्माण कार्यको डिजाइन तथा लागत अनुमान लैगिंक तथा प्रयोगमैत्री संरचना हुने गरी वनाइनेछ।

२६. गाउँपालिकामा नयाँ प्रविधिमैत्री संरचना निर्माणका लागी भौतिक तथा पुर्वाधार शाखा अन्तर्गतका कर्मचारीहरुको क्षमता विकास तालिमहरुको उचित व्यवस्था तथा प्रवन्ध मिलाइनेछ।

२७. टोल वस्ती हुदै वडा बाट सिफारीस भइ माग भएका योजनाहरुको प्राविधिक अध्ययन तथा सामाजिक औचित्यताका आधारमा मात्र वजेट विनियोजित गरीनेछ।

२८. योजना/कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न र अभिलेख व्यवस्थापन गर्न योजना खाताको व्यवस्थापन गरिनेछ।

२९. वेरुजुको दर न्युन तथा योजनाको गुणस्तर तथा दिगोपनाका लागी उपभोक्ता समितिका पदाधिकारीहरुका लागि वडास्तरमा योजना संचालन सम्बन्धी तालिम दिईनेछ।

३०. योजना/कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थलगत अनुगमन गरी अनुगमनको प्रतिवेदन तयार पारिनेछ।

३१. स्थानीय तह, संघ र प्रदेशको सहकार्यमा जनता आवास, सुरक्षित आवास, विपदवाट विस्थापितहरुको आवास तथा एकल महिला, असक्त, अपाङ्गता भएका व्यक्ति, गरिब, मुक्त हलिया र असाह्य परिवारको लागि आवास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

३२. राष्ट्रवादी नेता स्वर्गिय प्रेम सिंह धामीको सम्झनामा प्रेम सिंह धामी स्मृती वहुउद्देशिय सभाहल निर्माण गरिनेछ।

३३. पालिकाका विभिन्न स्थानहरुमा जडान भएका सोलार सैर्य बत्तिको मर्मत र सम्भार गरी सञ्चालनमा ल्याउने र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा मुख्य बजार क्षेत्र तथा आवतजावत हुने सडकमा सडक बत्ति जडान गरिने छ।

३४. सबैलाई न्यूनतम मात्रामा आधुनिक उर्जामा पहुच पुऱ्याउने योजना, घरेलु प्रयोगमा उर्जाको उपयोग बढाउने कार्यहरु, इन्डेक्स चुलो प्रयोगमा ल्याउने नीति लाइ अवलम्बन गरिने छ।

३५. आफ्नो कार्यालय भवनबाट प्रभावकारी रुपमा सेवा प्रवाहका निमित्त प्रशासकीय भवन निर्माण कार्यलाई द्रुत गतीमा अगाडि बढाइनेछ।

**१२. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रमः**

१. राजश्वको दायरा फराकीलो बनाउँदै पालिकाको आन्तरिक राजश्व परिचालन क्षमता विस्तार गरिनेछ। अध्ययन एवम् अनुसन्धानमा आधारित भई पालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरि लागु गरिनेछ।

२. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

३. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

४. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

५. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिका बाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै चालु अर्थीक वर्षबाट पालिकामा संकलन हुने सबै प्रकारका राजश्व तथा करहरु राजश्व व्यवस्थापन प्रणालीबाट शुरु भएको राजश्व संकलन प्रक्रियालाई निरन्तरता दिइनेछ।

९. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ।

**आदरणीय उपस्थित सभा सदस्य ज्यूहरु !**

यस गाउँपालिकाको नीति तथा कार्यक्रम सम्वृद्ध गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्यको मार्गदर्शक दस्तावेज हो। गाउँपलिकाको एक्लो प्रयासबाट मात्रै लक्ष्य हासिल गर्न सम्भव छैन। संघीय सरकार प्रदेश सरकार सरकारी तथा गैरसरकारी संङ्घ संस्था र सहकारी सङ्घ संस्थाको संयुक्त प्रयास सहकार्य र स्वामित्वलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु अपरिहार्य छ। मालिकार्जुन गाउँपालिकाले गाउँपालिकाका सरोकारवालाहरुको सहकार्य र समन्वयमा आफ्ना क्रियाकलापहरु सञ्चालन गर्ने बेहोरा अवगत गराउँदै यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैको सहयोग रहने विश्वासका साथ सम्वृद्ध गाउँपलिका निर्माणको महाअभियानमा सहभागिताका लागि आह्वान गर्दछु।

अन्तमा, गाउँपालिकाको विकास र समृद्धिको लागि योगदान पुऱ्याउन नेपाल सरकार तथा प्रदेश सरकारका माननीय मन्त्री तथा संसदहरु, छिमेकी स्थानीय तह, विभिन्न दातृ निकायहरु, स्थानीय प्रशासन, समाजिक संघ संस्था, क्रियाशील राजनैतिक दल, जन निर्वाचित जनप्रतिनिधिहरू, नागरिक समाज, निजी क्षेत्र, समस्त बौद्धिक वर्ग, पत्रकार, आम नागरिक तथा राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण गाउँपालिकाबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

*******धन्यवाद********